फोन ०१-५५२०४४७
इमेल : cro.p3.htd@gmail.cc

# बागमती प्रदेश सरकार
# आन्तरिक मामिला तथा कानून मन्त्रालय
# सञ्चार रजिष्ट्रारको कार्यालय
हेटौंडा, मकवानपुर, नेपाल

प.सं. २०७९/०८०
च.नं.- ९१

मिति- २०७९/०५/२८

बिषय- बागमती प्रदेशका लेखक तथा पत्रकारहरुलाई खुल्ला लेख प्रतियोगितामा सहभागी हुने सम्बन्धी सूचना

संविधान दिवस २०७९ को अवसरमा सञ्चार रजिष्ट्रारको कार्यालय बागमती प्रदेश र नेपाल पत्रकार महासंघ मकवानपुर जिल्ला शाखाको समन्वयमा "नेपालको संविधान २०७२ कार्यान्वयनमा प्रदेशको योगदान" बिषयमा केन्द्रित रहेर खुल्ला लेख प्रतियोगिता आयोजना गरिएकोले बागमती प्रदेशमा क्रियाशिल लेखक तथा पत्रकारहरुलाई उक्त कार्यक्रममा सहभागी हुन अनुरोध गरिन्छ।

लेख प्रतियोगिताका शर्तहरु

- लेख १५०० शब्ददेखि २००० शब्द भित्रको हुनु पर्नेछ ।
- प्रथम हुने लेखका लेखकलाई रु. १५,०००/-, द्वितीय हुने लेखका लेखकलाई रु. १०,०००/- र तृतीय हुने लेखका लेखकलाई रु. ५,०००/- संविधान दिवस २०७९को मूल समारोह समितिमा पुरस्कार र प्रमाणपत्र हस्तान्तरण गरिनेछ।
- प्राप्त लेखको छनौट गर्ने अधिकार लेख छनौट समितिलाई हुनेछ ।लेख छनौट समिति सञ्चार रजिष्ट्रारको कार्यालय र नेपाल पत्रकार महासंघको समन्वयमा गठन गरिनेछ।
- लेख २०७९ असोज १ गते राती १२.०० बजेसम्म cro.p3.htd@gmail.com मा प्राप्त भइसक्नु पर्नेछ।
- लेख छनौट भएको जानकारी २०७९ असोज २ गते अपरान्ह १२.०० बजेसम्म सम्बन्धित लेखकलाई दिइनेछ।
- छनौट भएको लेख २०७९ असोज ३ गतेको बिहानसम्म छापा तथा अनलाईन सञ्चार माध्यम मध्ये कुनै एकमा प्रकाशित भइसक्नु पर्नेछ।
- लेखमा प्रयोग भएको भाषा, तथ्य तथ्याङ्क लेख तयार गर्न अवलम्बन गरिएको खोज अनुसन्धान विधि समेतका आधारमा लेख छनौट गरिनेछ।

रेवती प्रसाद सापकोटा

सञ्चार रजिष्ट्रार